स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

## इलाम

Green Ilam

१ नं. प्रदेश,नेपाल

पत्र संख्या: ०७७/७८

चलानी नः ९६५६

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा १ नं. प्रदेश, नेपाल

मितिः २०७७/०९/०१

**विषयः करार शिक्षक नियुक्तिका लागि विज्ञापन प्रकाशन गरिएको।**

प्रस्तुत विषयमा इलाम नगरपालिकास्थित तपसिलमा उल्लेखित विद्यालयहरुको तपसिलका तह र विषयका शिक्षक पदहरु रिक्त भएको हुँदा करार शिक्षक/कर्मचारी छनौट नगर समितिको मिति २०७७/०९/०१ गतेको बैठकको निर्णयानुसार **करारमा** शिक्षक नियुक्तिको लागि यो विज्ञापन प्रकाशन गरिएको छ। तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकले **मिति २०७७/०९/१६ गतेसम्म कार्यालय समय** भित्र फारम भरी यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ।

**तपसिलः**

| क्र सं | विज्ञापन नं | विद्यालयको नाम | विषय | तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०६/०७७/७८ | आदर्श मावि, इनपा ७ | जीव विज्ञान / प्राणीशास्त्र | माध्यमिक द्वितीय | साविक उच्च माध्यमिक |
| २ | ०७/०७७/७८ | विणापाणी मावि इनपा ३ | गणित विज्ञान | निम्न माध्यमिक | रिक्त दरबन्दी |
| ३ | ०८/०७७/७८ | बालमण्डल मावि इनपा ४ | गणित विज्ञान | निम्न माध्यमिक | रिक्त दरबन्दी |
| ४ | ०९/०७७/७८ | वाल्मिकी सिंहदेवी आवि, इनपा ३ | सहजकर्ता | पूर्व प्राथमिक | जीवनज्योति बाविके |

**आवश्यक न्यूनतम योग्यताः**

१. **जीव विज्ञान/प्राणीशास्त्र (Biology/Zoology) विषयको लागि**
   - क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।
   - ख. सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको।
   - ग. माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको।

२. **गणित विज्ञान विषयका लागि**
   - क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।
   - ख. सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।
   - ग. तालिम प्राप्त गरेको।
   - घ. स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।

३. **सहजकर्ताको लागि**
   - क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको
   - ख. शिक्षाशास्त्र संकायमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको
   - ग. स्थानीय विवाहित महिलालाई प्राथमिकता दिइने छ।

**आवश्यक कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
३. आवश्यक तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
४. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
५. २ प्रति पासपोर्ट साइजको फोटो

**परीक्षाको किसिमः** लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशन गरिनेछ।

नोटः इच्छुक उमेद्वारले इलाम नगरपालिका राजश्व शाखाबाट रु ५० को फारम लिई भरेर आवश्यक कागजातहरुमा आफैले प्रमाणित गरी शिक्षा युवा तथा खेलकुद शाखामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ।

**बोधार्थः**

श्री सूचना प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा प्रकाशन गरिदिनु हुन।